# सुदूरपश्चिम प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्ध-वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८१/८२)




सुदूरपश्चिम प्रदेश

# नेपाल राष्ट्र बैंक
## धनगढी कार्यालय
(२०८२ जेठ)

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । अर्थतन्त्रको वास्तविक क्षेत्रको अवस्था तथा समस्या पहिचान गरी तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले नियमित रुपमा अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन तथा विश्लेषण गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ। सर्वेक्षण तथा अन्तरक्रियाका क्रममा प्राप्त जानकारीका साथै कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालय एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्क प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८१/८२ को सुदूरपश्चिम प्रदेशको अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, क्षेत्रीय निर्देशनालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी, यो प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण योगदान दिनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री झकेन्द्र बहादुर शाही र तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन कार्यमा अहोरात्र खटिने सहायक निर्देशकहरु श्री ध्रुब कार्की, श्री भोजराज भट्ट, श्री पार्वती भट्ट पन्त र श्री हरिलाल भट्ट तथा प्रधान सहायक श्री सहदेव भट्टराईलाई धन्यवाद दिन चाहन्छु ।

**केशब बहादुर के.सी.**
**निर्देशक**

# विषय-सूची


| | पेज नं. |
|---|---|
| **कार्यकारी सारांश** | |
| **परिच्छेद १: अध्ययन परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययन प्रतिवेदनको सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति** | **३** |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२ अन्तर प्रदेश तुलना | ४ |
| २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना | ५ |
| **परिच्छेद ३: कृषि क्षेत्र** | **६** |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| ३.२ कृषि उत्पादन | ७ |
| ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | १० |
| ३.४ सिँचाई | ११ |
| ३.५ क्षेत्रगत कृषि कर्जा | १२ |
| ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु | १३ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | **१४** |
| ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १४ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १४ |
| ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | १६ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | **१८** |
| ५.१ पर्यटन | १८ |
| ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट | १८ |
| ५.३ वित्तीय सेवा | १८ |
| ५.४ फण्ड ट्रान्सफर (तोडा चलान) | २० |
| ५.५ यातायात | २० |
| ५.६ सेवा क्षेत्र कर्जा | २१ |
| ५.७ सहकारी | २२ |
| ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना | २३ |

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** **२४**
६.१ प्रदेशका ठुला परियोजनाहरुको स्थिति २४
६.२ उर्जामा पहुँच २५
६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति २५
६.४ रोजगारी २६
६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना २७
**परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना** **२९**
७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति २९
७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ३०
**परिच्छेद ८: आर्थिक परिदृष्य** **३२**
८.१ कृषि क्षेत्र ३२
८.२ औद्योगिक क्षेत्र ३२
८.३ सेवा क्षेत्र ३२
८.४ पूर्वाधार क्षेत्र ३२

# चार्टको सूची


चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत) ३

चार्ट ३.१ : प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा) ६

चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा) ८

चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा) १२

चार्ट ३.४ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा) १२

चार्ट ४.१ : प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग २०८१/८२ (साउन-पुस) १४

चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा) १५

चार्ट ५.१ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा) १९

चार्ट ६.१ : आ.व. २०८०/८१ का लागि सूचीकृत बेरोजगारको प्रदेशगत विवरण २७

चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा) २९

चार्ट ७.२ : आ.व. २०८१/८२ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा) ३१

# तालिकाको सूची


तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा) ४

तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (२०८१ साउन-पुस मसान्त) ७

तालिका ३.२ : प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (२०८१ साउन-पुस) ९

तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन २०८१/८२ (साउन-पुस) १०

तालिका ३.४ : प्रमुख वनजन्य उत्पादन २०८१/८२ (साउन-पुस) ११

तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जा प्रवाह १५

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०८१ पुस मसान्त)) १९

तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (२०८१ पुस मसान्तसम्म) २०

तालिका ५.३ : समिक्षा अवधिमा थप भएका यातायात साधनको संख्या २१

तालिका ५.४ : हवाई सेवा २१

तालिका ५.५ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था (२०८१ पुस मसान्तसम्म) २२

तालिका ५.६ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति २२

तालिका ६.१: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण २६

तालिका ७.१ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण २९

तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा) ३०

तालिका ७.३ : आ.व.२०८१/८२ (साउन-पुस) मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा) ३०

# कार्यकारी सारांश

सुदूरपश्चिम प्रदेश अन्तर्गतका ९ वटै जिल्लाहरुको स्थलगत तथा गैरस्थलगतरुपमा अध्ययन गरी आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ।

## समष्टिगत स्थितिः

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय अर्थतन्त्रको आर्थिक वृद्धिदर उपभोक्ता मुल्यमा ४.६१ प्रतिशत र आधारभूत मूल्यमा ३.९९ प्रतिशत हुने प्रारम्भिक अनुमान गरेको छ।

२. उक्त कार्यालयले चालु आर्थिक वर्षमा आधारभूत मूल्यमा प्राथमिक क्षेत्रको वृद्धिदर ३.२५ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर ४.६५ प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर ४.२१ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

३. चालु आ.व.२०८१/८२ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.३२ प्रतिशत र आधारभूत मूल्यमा २.७१ प्रतिशत रहने अनुमान गरिएको छ भने आधारभूत मूल्यमा प्रदेशको प्राथमिक क्षेत्रको वृद्धिदर २.८ प्रतिशत, द्धितीय क्षेत्रको वृद्धिदर २ प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहने अनुमान कार्यालयले गरेको छ।

## कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.८५ प्रतिशतले ह्रास आएको छ भने यस्ता बालीको उत्पादन २.२६ प्रतिशतले बढेको छ।
२. समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी दलहन र धानको उत्पादन क्रमश १७.०१ प्रतिशत र ५.०९ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, तरकारी उत्पादन ९.५७ प्रतिशतले वृद्धि भएको छ भने अन्य फलफूलको उत्पादन २३.१६ प्रतिशतले बढेको छ।
३. पशुजन्य उत्पादन अन्तर्गत दूध १०.७३ प्रतिशत, मासु ६.३० प्रतिशत र अण्डा ३.०६ प्रतिशतले बढेको छ।
४. समीक्षा अवधिमा काठ, दाउरा र औषधीजन्य उत्पादन क्रमशः ११.५४ प्रतिशत, ३३.७५ प्रतिशत र १७.७७ प्रतिशतले वृद्धि भएको छ।
५. समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल २.४९ प्रतिशतले वृद्धि भएको छ।
६. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १०.६८ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ। आ.व.२०८०/८१ को असार मसान्तको तुलनामा समीक्षा अवधिमा कुल कृषि कर्जा ०.९७ प्रतिशतले ह्रास भएको छ।

## उद्योग

७. समीक्षा अवधिमा प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ३५.७९ प्रतिशत रहेको छ।
८. औद्योगिक उत्पादनमध्ये समीक्षा अवधिमा ईट्टाको उत्पादन वृद्धि भएको छ भने अन्य वस्तुहरुको उत्पादनमा ह्रास आएको छ।
९. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १६.४८ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा १.३२ प्रतिशतले घट्न गई रु.२५ अर्ब २६ करोड ४५ लाख पुगेको छ।

## सेवा

१०. समीक्षा अवधिमा पर्यटकस्तरीय १० नमुना होटलहरुको तथ्याङ्क अनुसार पर्यटकको आवागमनमा १८.५५ प्रतिशतले गिरावट आएको देखिन्छ।
११. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन संख्या ५.३१ प्रतिशतले घटेको छ भने रजिष्ट्रेशन राजस्व २६.५७ प्रतिशतले बढेको छ।
१२. यस प्रदेशका बैंक तथा वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को पुस मसान्तसम्मको निक्षेप २०८१ असार मसान्तको तुलनामा ३.१३ प्रतिशतले घटेको छ भने कर्जा प्रवाह ०.२७ प्रतिशतले वृद्धि भएको छ।

१३. समीक्षा अवधिमा यस प्रदेशमा कुल ११ हजार ३ सय ९८ यातायातका साधन दर्ता भएका छन् ।

१४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुले कुल कर्जाको ७२.८४ प्रतिशत कर्जा सेवा क्षेत्रमा प्रवाहित गरेका छन् ।

## पूर्वाधार र रोजगारी

१५. नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार २०८१ फागुनसम्म सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय औसतभन्दा न्यून ८६.६० प्रतिशत जनसंख्यामा मात्र विद्युतको पहुँच पुगेको छ । सोही अवधिसम्म कुल राष्ट्रिय विद्युत उत्पादनमा यस प्रदेशको योगदान १६७ मेगावाट मात्र रहेको छ ।

१६. समिक्षा अवधिसम्म रानी जमरा कुलरिया सिँचाइ आयोजनाको भौतिक प्रगति ७६.१५ प्रतिशत र वित्तीय प्रगति ७४.४० प्रतिशत रहेको छ । महाकाली सिँचाई आयोजनाको भौतिक प्रगति ३५ प्रतिशत र वित्तीय प्रगति पनि ३५ प्रतिशत रहेको छ । त्यसैगरी, महाकाली पुल आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ ।

## प्रादेशिक कार्यक्रम र योजना

१७. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ बिनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा २१.९० प्रतिशत खर्च भएको छ भने पुँजीगत खर्चतर्फ बिनियोजन भएको बजेट मध्ये ९.९७ प्रतिशत खर्च भएको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक तथ्याङ्कमा (२०८१ साउनदेखि २०८१ पुस मसान्तसम्मको) आधारित रहेको छ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक अध्ययन प्रतिवेदन तयार पार्ने गरिएकोमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६" जारी भएपश्चात् प्रादेशिक ढाँचामा ७ वटै प्रदेशका सबै ७७ जिल्लाको आर्थिक गतिविधिको अध्ययन गरी प्राप्त तथ्याङ्कको विश्लेषणका आधारमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको छ। विगत केही वर्षदेखि यस्तो प्रतिवेदन प्रदेशगत रुपमा तयार गर्ने गरिएको छ। सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी जम्मा ९ जिल्लाहरु समेटेर प्रतिवेदन तयार गर्ने गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ। साथै, सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा असिग्राम कृषि तथा पशुपन्छी फर्म र डडेल्धुरामा भटमास प्रशोधन उद्योग सञ्चालनमा आएको सम्बन्धमा अध्ययन गरी यस पटकको प्रतिवेदनमा संलग्न गरिएको छ।

नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" को आधारमा यस कार्यालयको कार्य क्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ।

प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट, सिँचाई सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ। उल्लिखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १२ वटा उद्योगहरुको गैर-स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ। बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका १० वटा होटलहरुबाट स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, घर जग्गा रजिष्ट्रेशन/राजस्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालय, सडक सञ्जाल सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरु तथा पूर्वाधार विकास कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस

प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ । यसका साथै यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण सम्बन्धित योजना कार्यालय, भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा अर्ध-वार्षिक अवधिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देश प्रादेशिक संरचनामा गईसकेपश्चात् तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । यसका साथै, तथ्याङ्कमा नियमित अद्यावधिकता तथा समयमा प्राप्त नहुने समस्या पनि विद्यमान नै रहेको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका होटल तथा लजहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या तथा औषत बसाई) विवरणलाई नै आधिकारिक मानी विश्लेषण गर्ने गरिएको छ ।

विविध कारणले प्रदेशका ९ वटै जिल्लाहरुको स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्न नसकिएको र गैरस्थलगत माध्यमबाट समेत तथ्याङ्क संकलन गरिएकोले उक्त क्षेत्रहरुको यथार्थ वस्तुस्थिति बुझ्न सकिएको छैन ।

तथ्याङ्क प्रदायक निकायहरुवाट समयमै तथ्याङ्क प्राप्त नहुने तथा प्राप्त तथ्याङ्कमा समेत एकरुपता हुन नसकेकोले प्रतिवेदन लेखन पूर्व निर्धारित समयमा सम्पन्न हुन सकेको छैन ।


## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)" बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ । यस प्रतिवेदनमा जम्मा ८ परिच्छेद रहेका छन् । परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा सुदूरपश्चिम प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा प्रादेशिक कार्यक्रम तथा योजनाका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय अर्थतन्त्रको आकार (उपभोक्ताको मुल्यमा) ४.६१ प्रतिशतले वृद्धि भई रु. ६१ खर्ब ७ अर्ब कायम हुने प्रारम्भिक अनुमान गरेको छ। आधारभूत मुल्यमा भने आर्थिक वृद्धिदर ३.९९ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। साथै, अघिल्लो वर्षको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.३६ प्रतिशत र उपभोक्ता मूल्यमा ३.६७ प्रतिशत हुने संशोधित अनुमान गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा अर्थतन्त्रका तीन वृहत औद्योगिक क्षेत्रहरुः प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमशः ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। संशोधित विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक र तृतीय क्षेत्रको वृद्धिदर आधारभूत मूल्यमा क्रमशः ३.३५ प्रतिशत र ४.३५ प्रतिशत रहने अनुमान गरिएको छ भने द्वितीय क्षेत्र ०.०३ प्रतिशतले ऋणात्मक रहने अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदानको हिस्सा क्रमशः २५.१९ प्रतिशत, १२.४३ प्रतिशत र ६२.३८ प्रतिशत हुने संशोधित अनुमान रहेकोमा आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको २५.६२ प्रतिशत, द्वितीय क्षेत्रको १२.३७ प्रतिशत र तृतीय क्षेत्रको ६२.०१ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ।

**चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।*

मुख्य औद्योगिक वर्गीकरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन र मत्स्य)को योगदान २५.१६ प्रतिशत र गैर-कृषि क्षेत्रको योगदान ७४.८४ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। साथै, कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.२८ प्रतिशत र गैर-कृषि क्षेत्रको ४.२८ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ। औद्योगिक वर्गीकरण अनुसार समग्र अर्थतन्त्रको आकारमा क्षेत्रगत हिस्साको मापन गर्दा कृषि, वन तथा मत्स्यपालनको योगदान सबैभन्दा बढी रहेको छ भने थोक तथा खुद्रा व्यापार दोस्रोमा, सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक सामाजिक सुरक्षा तेस्रोमा र घर, जग्गा कारोवार चौथो स्थानमा रहेका छन्।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु. ४ खर्ब ३० अर्ब हुने अनुमान गरिएको छ भने गत आ.व. मा करिब ४ खर्ब ७ अर्ब रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.२८ प्रतिशत रहने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८१/८२ मा वृद्धि भई ३.३२ प्रतिशत कायम रहने अनुमान

गरिएको छ । यस प्रदेशले चालु आर्थिक वर्षमा देशको कुल गार्हस्थ्य उत्पादनमा ७.०३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ ।

बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३४.७२ प्रतिशत योगदान कृषि, वन, तथा मत्स्य क्षेत्रको र सबैभन्दा कम ०.१३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ। गत आ.व. २०८०/८१ मा पनि कृषि क्षेत्रको योगदान अग्रस्थान (३३.६६ प्रतिशत) र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (०.१३ प्रतिशत) मा रहने संशोधित अनुमान गरिएको छ ।

## २.२ अन्तर प्रदेश तुलना

**तालिका २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादन (प्रचलित उपभोक्ता मूल्यमा)**
**(आ.व.२०८१/८२)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | **सुदूरपश्चिम** | **राष्ट्रिय** |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९७१ | ८०४ | २२३० | ५४८ | ८६९ | २५६ | **४३०** | **६१०७** |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.९ | १३.१६ | ३६.५२ | ८.९८ | १४.२३ | ४.१९ | **७.०३** | **१००** |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) (प्रतिशत) | ३.३४ | ४.५ | ५.१८ | ५.५१ | ४.७ | ४.७४ | **३.३२** | **४.६१** |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | १४०१ | ९३२ | २६०२ | १६१९ | १२०१ | १०८९ | **११५३** | **१४९६** |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको हिस्सा( प्रतिशत) | ३४.४ | ३६.९ | १२.४ | २७.८ | ३१.५ | ३१.७ | **३५.०** | **२५.६** |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको हिस्सा (प्रतिशत) | १५.७ | १०.५ | १०.५ | १६.४ | १३.४ | ९.४ | **१२.३** | **१२.४** |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको हिस्सा (प्रतिशत) | ४९.९ | ५२.६ | ७७.१ | ५५.८ | ५५.१ | ५८.९ | **५२.७** | **६२.०** |

*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८२*

### (क) कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.६१ खर्ब ७ अर्ब हुने अनुमान गरिएकोमा ३६.५२ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. २२ खर्ब ३० अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४.१९ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु. २ खर्ब ५६ अर्ब हुने अनुमान गरिएको छ। अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०८१/८२ मा पनि बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढि योगदान पुऱ्याउने प्रदेशहरूमा क्रमशः कोशी, लुम्बिनी, मधेस, गण्डकी र सुदूरपश्चिम प्रदेश रहेका छन् ।

### (ख) आर्थिक वृद्धि

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ४.६१ प्रतिशत अनुमान गरिएकोमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.५१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको वृद्धिदर सबैभन्दा कम ३.३२ प्रतिशत रहने अनुमान छ ।

संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको वृद्धिदर सबैभन्दा बढी ४.०९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ३.२६ प्रतिशत देखिएको छ। गत आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ३.२८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.३२ प्रतिशत रहने अनुमान छ ।

### (ग) क्षेत्रगत योगदान

आर्थिक वर्ष २०८१/८२ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३६.८८ प्रतिशत, द्वितीय क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १६.४६ र सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७७.०७ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३४.९५ प्रतिशत, १२.३० प्रतिशत र ५२.७५ प्रतिशत रहने अनुमान छ ।

## २.३ प्रादेशिक क्षमता, चुनौती तथा सम्भावना

### २.३.१ प्रादेशिक क्षमता र सम्भावना

१. भौगोलिक विविधता सहित तराई, पहाडी तथा हिमाली क्षेत्रहरु रहेको यस प्रदेशमा कृषि क्षेत्रमा प्रचूर सम्भावनाहरु रहेको छ । सुदूरपश्चिम प्रदेश सरकारले तर्जुमा गरेको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) प्रभावकारी कार्यान्वयन गर्दै कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको वैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास गर्न सकेमा रोजगारी सिर्जनाका साथै गरिबी निवारणमा टेवा पुग्ने देखिन्छ ।

२. सुदूरपश्चिमको प्रदेशगत भू-भागमा वनक्षेत्रको क्षेत्रफल ४९.२४ प्रतिशत रहेकोले वन पैदावारमा आधारित उद्योगहरुको सम्भावना रहेको देखिन्छ ।

३. यस प्रदेशमा रहेका महाकाली, सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरुबाट विद्युत उत्पादन र प्रदेशमा सिँचाईको विस्तार गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । साथै, यस प्रदेशमा सौर्य र वायु ऊर्जा उत्पादनका आयोजनाको लागि पनि उत्तिकै सम्भावना रहेको छ ।

४. प्रदेशमा रहेको जनसांख्यिकीय लाभलाई उपयोग गरी कृषि सम्बन्धी ज्ञान, सीप, तालिमबाट युवा जनशक्तिलाई कृषि प्रणालीसँग आवद्ध गर्दै उद्यमशीलताको विकास गरी रोजगारीको अवसर सिर्जना र वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

५. प्रदेशमा कृषि कच्चा पदार्थमा आधारित वस्तुहरुको उत्पादन, प्रशोधन तथा वितरण गर्न सके आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ ।

६. सिमावर्ती भारतस्थित प्रदेशहरुमा धार्मिक पर्यटनको प्रचार प्रसारमार्फत् यस प्रदेशमा पर्यटक भित्र्याउन सकिने सम्भावना रहेको छ ।

### २.३.२ प्रादेशिक चुनौती

१. कृषि तथा पशुपालन र जडीबुटी तथा वनजन्य उत्पादनमा प्रचुर सम्भावना रहेका हिमाली तथा पहाडी जिल्लाहरूबाट भइरहेको तिव्र बसाइ/सराईले उक्त जिल्लाहरुमा जनसंख्या कम भई उर्वरभूमी बाँझो रहने समस्या मुख्य चुनौतीको रुपमा रहेको छ ।

२. गरिबीको दर उच्च रहेको यस प्रदेशबाट उल्लेख्य रुपमा रोजगारीका लागि भारत जाने श्रमिकहरुलाई प्रदेशमै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गर्नु चुनौतीपूर्ण रहेको छ ।

३. प्रदेशमा कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरणमार्फत् एकातर्फ आन्तरिक उत्पादन अभिवृद्धि गरी आयात प्रतिस्थापन र अर्कोतर्फ कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । प्रदेशका विभिन्न क्षेत्रहरु विशेषतः पहाडी तथा हिमाली जिल्लाहरुमा सिँचाईको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था अन्त्य गर्नु चुनौतीको रुपमा रहेको छ ।

४. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरु जलवायु परिवर्तनका प्रभावका दृष्टिले उच्च देखि न्यून संवेदनशिल वर्गमा पर्दछन् । साथै, प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो, आगलागी, भुकम्पका कारण प्रदेशमा बर्षेनी हुने क्षति न्यूनीकरण समेत चुनौतीको रुपमा रहेको छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३४.७२ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, जिल्लागत स्थिति, कृषि उत्पादनको स्थिति, पशुपन्छी तथा वनजन्य उत्पादन, सिँचाई अवस्था, कृषि क्षेत्रका चुनौती तथा सम्भावनाहरूको संक्षिप्त विश्लेषण गरिएको छ ।


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

पछिल्ला वर्षहरुमा सुदूरपश्चिम प्रदेशमा कृषि उपजले ढाकेको क्षेत्रफल घट्दै गएको छ । प्रदेशमा रहेको खेतीयोग्य जमिनको खण्डीकरण, युवाहरुको कृषि क्षेत्रप्रतिको विकर्षण तथा वैदेशिक रोजगारीको बढ्दो मोह, पहाडी तथा हिमाली भेगबाट शहरी क्षेत्रमा बसाई-सराई लगायतका कारणले यस्तो भू-क्षेत्रमा गिरावट आएको देखिएको छ। समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफलमा २.८५ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ४.२५ प्रतिशतले ह्रास भएको थियो ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ३.०७ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ५.७५ प्रतिशतले ह्रास आएको थियो। समीक्षा अवधिमा मकै, कोदो, फापर, दलहन, र उखुको क्षेत्रफल क्रमशः ३.९७ प्रतिशत, ८.३७ प्रतिशत, १६६.६३ प्रतिशत, ६.४४ प्रतिशत र ०.४० प्रतिशतले वृद्धि भएको छ भने धान, आलु, भटमास र तेलहनको क्षेत्रफल क्रमशः ३.२८ प्रतिशत, १३.५६ प्रतिशत, २.०८ प्रतिशत र २.१६ प्रतिशतले ह्रास आएको छ । खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ५२.६९ प्रतिशत भु-भागमा धान र १४.५२ प्रतिशतमा मकै खेती रहेको छ ।

**चार्ट ३.१ : प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हेक्टरमा)**




*स्रोत: सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल २७ हजार ३२ हेक्टर रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १.२५ प्रतिशतले बढी हो । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल १२.३२ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.१.३ फलफूल, मसला तथा मह

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २.७५ प्रतिशतले ह्रास भएको छ । गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल १.६६ प्रतिशतले ह्रास भएको थियो । समीक्षा अवधिमा मसला वालीले ढाकेको क्षेत्रफल ८.६२ प्रतिशतले ह्रास भएको छ । गतवर्ष सोही अवधिमा यस्तो क्षेत्रफल २.२५ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा मह घारको संख्या ५३.९४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष सोही अवधिमा यस्तो संख्या ४.५४ प्रतिशतले बढेको थियो ।

### जिल्लागत स्थिति

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३७.४० प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको सबैभन्दा कम ३.२४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा तरकारी तथा वागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४६.५५ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.७४ प्रतिशत रहेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४४.२९ प्रतिशत र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम ३.९१ प्रतिशत रहेको छ ।

**तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्र (२०८१ साउन-पुस मसान्त)**

| जिल्ला | क्षेत्रफल (हेक्टरमा) | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| बाजुरा | ९,३०७.६७ | ४७०.०० | ८२५.०० | ३.२४ | १.७४ | ४.८१ |
| बझाङ | १६,०३२.५२ | ७५०.०० | १,४४०.०० | ५.५९ | २.७७ | ८.३९ |
| दार्चुला | १३,०१५.४८ | १,०८०.०० | ७९७.०० | ४.५४ | ४.०० | ४.६४ |
| बैतडी | १८,०२९.१६ | १,३१०.०० | ६७१.५० | ६.२८ | ४.८५ | ३.९१ |
| डडेल्धुरा | १२,६१३.९८ | २,०७५.०० | २,००५.०० | ४.४० | ७.६८ | ११.६८ |
| डोटी | २६,५२८.८१ | २,३८३.५० | १,७००.०० | ९.२५ | ८.८२ | ९.९१ |
| अछाम | २०,९१०.८१ | ८३१.०० | ८८१.८९ | ७.२९ | ३.०७ | ५.१४ |
| कैलाली | १०७,३०२.७२ | १२,५८३.०० | ७,६०१.०० | ३७.४० | ४६.५५ | ४४.२९ |
| कञ्चनपुर | ६३,१६५.५२ | ५,५५०.०० | १,२४०.०० | २२.०२ | २०.५३ | ७.२३ |
| **जम्मा** | २८६,९०६.६७ | २७,०३२.५० | १७,१६१.३९ | १००.०० | १००.०० | १००.०० |

*स्रोतः सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।*

## ३.२ कृषि उत्पादन


समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन २.२६ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा समग्र कृषि बालीको उत्पादनमा ०.९५ प्रतिशतले वृद्धि भएको थियो । समिक्षा अवधिमा यस प्रदेशको कृषि वालीले ढाकेको क्षेत्रफलमा केही कमी आएतापनि कृषिमा बढेको व्यावसायिकता, सिँचाईमा भएको विस्तार, चक्लाबन्दी तथा बेमौसमी तरकारी खेतीमा आकर्षण लगायतका कारणले प्रमुख कृषि बालीको उत्पादनमा वृद्धि भएको देखिएको छ ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ०.९८ प्रतिशतले वृद्धि भएको छ। प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी दलहन र धानको उत्पादन क्रमशः १७.०१ प्रतिशत र ५.०९ प्रतिशतले वृद्धि भएको छ भने फापरको उत्पादनमा सबैभन्दा बढी ७१.२२ प्रतिशतले ह्रास आएको छ। त्यसैगरी, अन्य बालीहरुमा मकै, कोदो, आलु, भटमास र तेलहनको उत्पादनमा क्रमशः ९.७९ प्रतिशत, २४.१६ प्रतिशत, १.५४ प्रतिशत, ९.८४ प्रतिशत र ४.५९ प्रतिशतले कमी आएको छ। उखुको उत्पादन भने १.१२ प्रतिशतले वृद्धि भएको छ।

जिल्लागत आधारमा कैलाली, कञ्चनपुर, डोटी, बझाङ, दार्चुला र डडेल्धुरा जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु बाजुरा, बैतडी र अछाममा उत्पादनमा ह्रास आएको छ। यस्ता बालीहरुको उत्पादन सबैभन्दा बढी डडेल्धुरा जिल्लामा १६.५६ प्रतिशतले वृद्धि भएको छ भने बाजुरा जिल्लामा ४५.२८ प्रतिशतले ह्रास आएको छ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीहरूको उत्पादन (हजार मे.टनमा)**




*स्रोतः सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु।*

### ३.२.२. तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादन ९.५७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा तरकारी उत्पादन ६.४७ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा तरकारीको उत्पादन बाजुरा जिल्लामा १.५८ प्रतिशतले ह्रास आएको छ भने अन्य सबै जिल्लाहरुमा वृद्धि भएको देखिन्छ।

### ३.२.३. फलफूल, मसला तथा मह

समीक्षा अवधिमा फलफूलको उत्पादनमा ०.०१ प्रतिशतले कमी आएको छ। यस समूह अन्तर्गत आँप उत्पादन १९.७९ प्रतिशत र अन्य फलफूलको उत्पादन २३.१६ प्रतिशतले वृद्धि भएको छ भने सुन्तला, केरा र स्याउ उत्पादनमा क्रमशः १७.३० प्रतिशत, ८.८३ प्रतिशत र ८.२० प्रतिशतले ह्रास आएको छ। गत वर्षको सोही अवधिमा फलफूल को उत्पादन ५.६९ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन डडेल्धुरा, डोटी, कैलाली र कञ्चनपुर जिल्लाहरुमा वृद्धि भएको छ भने अन्य जिल्लाहरुमा ह्रास आएको देखिन्छ। समीक्षा

अवधिमा मसलाको उत्पादनमा ०.११ प्रतिशतले कमी आएको छ । गतवर्ष यस्तो उत्पादन ०.४९ प्रतिशतले बढेको थियो ।

**असिग्राम कृषि तथा पशुपन्छी फर्म**





सुदूरपश्चिम प्रदेशकै नमुना किवि वगैचा रहेको असिग्राम कृषि तथा पशुपन्छी फर्म डोटी जिल्लाको जोरायल गाउँपालिका-१, हिरापुर गैरामा सञ्चालनमा रहेको छ । वैदेशिक रोजगारीको सिलसिलामा दक्षिण कोरियामा १० वर्ष श्रम गरी स्वदेश फर्केका सुर्य प्रकाश भट्टद्वारा सञ्चालित उक्त फर्म करिब ४० रोपनी क्षेत्रफलमा फैलिएको छ । पाँच वर्ष पहिले फर्म दर्ता गरी चरणवद्ध रुपमा खेती विस्तार भइरहेको उक्त फर्ममा ५०० वटा Hayward प्रजातीका किविका वोटहरु हुर्किरहेका छन् । अघिल्लो वर्ष जम्मा ५ क्वीन्टल किवि उत्पादन भएकोमा आगामी वर्षहरुमा करिव ३० देखि ५० प्रतिशतका दरले उत्पादन वृद्धि हुने अनुमान रहेको उनले बताए । किवि खेतीका लागि आफ्नो बचत तथा बैंकबाट कर्जा समेत गरी करिब ४० लाखजति लगानी भइसकेको उक्त फर्ममा कृषि ज्ञान केन्द्र, डोटीको विशेष सहयोग रहेको छ । उक्त फर्ममा सिजनमा करिव ८ देखि १० जनाले रोजगारी प्राप्त गर्दै आइरहेका छन् । आगामी दिनमा Integrated Farming System अन्तर्गत किवि खेतीका अतिरिक्त आलु, वेसार, लसुन खेती समेत गर्ने लक्ष्य लिएको छ ।

*स्रोत: स्थलगत अर्न्तवार्ता*

**तालिका ३.२ : प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (२०८१ साउन-पुस)**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | जिल्लागत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफुल तथा मसला |
| **बाजुरा** | २०,२१६.३६ | ४,९८०.०० | ३,८८७.०० | १.४२ | १.५१ | २.३५ |
| **बझाङ** | ६१,२२९.१४ | १०,१००.०० | १२,५१०.०० | ४.२९ | ३.०७ | ७.५८ |
| **दार्चुला** | ३८,४१७.५८ | १३,४४०.०० | ६,१२४.०० | २.६९ | ४.०९ | ३.७१ |
| **बैतडी** | ४८,१६२.३६ | १६,४५०.०० | ४,५०४.८५ | ३.३८ | ५.०० | २.७३ |
| **डडेल्धुरा** | ४९,३७८.९७ | २५,९४०.०० | १३,०४४.०० | ३.४६ | ७.८९ | ७.९० |
| **डोटी** | ८९,५८०.३६ | ३१,२७१.५२ | २०,७९२.८४ | ६.२८ | ९.५१ | १२.५९ |
| **अछाम** | ४७,११५.५१ | १२,१६६.२८ | २,८५३.१० | ३.३० | ३.७० | १.७३ |
| **कैलाली** | ४,६७,२९७.९१ | १,२८,५३०.०० | ८३,०९३.०० | ३२.७६ | ३९.०८ | ५०.३३ |
| **कञ्चनपुर** | ६,०५,१४४.६३ | ८६,०२५.०० | १८,२८०.०० | ४२.४२ | २६.१६ | ११.०७ |
| **जम्मा** | **१४,२६,५४२.८२** | **३,२८,९०२.८०** | **१,६५,०८८.७९** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, सुदूरपश्चिम प्रदेश ।*

### जिल्लागत स्थिति

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ४२.४२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.४२ प्रतिशत रहेको छ । त्यसैगरी, तरकारी तथा बागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३९.०८ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम १.५१ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५०.३३ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.७३ प्रतिशत रहेको छ ।

## ३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छी तथा माछा उत्पादन

सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०८१/८२ को प्रथम अर्धवार्षिक अवधिमा दूध उत्पादन १०.७३ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ८.५२ प्रतिशतले बढेको थियो । व्यावसायिक गाई तथा भैसीपालनमा वृद्धि तथा नश्ल सुधार र उन्नत पशु संख्या बढेकाले समीक्षा अवधिमा दूध उत्पादन बढेको देखिन्छ ।

समीक्षा अवधिमा मासुजन्य उत्पादन ६.३० प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन ७.३३ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ खसी/बोका/भेडाको मासु उत्पादन १६.११ प्रतिशत र भैंसी/राँगोको मासु उत्पादन १.५४ प्रतिशतले बढेको छ। सुंगुर/बंगुरको मासु उत्पादन १६.५१ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन १४.७३ प्रतिशतले घटेको छ ।

समीक्षा अवधिमा अण्डा उत्पादन ३.०६ प्रतिशत र ऊन उत्पादन ६७.२५ प्रतिशतले बढेको छ भने छाला उत्पादन १.५३ प्रतिशतले घटेको छ। गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ४.११ प्रतिशत, ऊन उत्पादन ७७.६८ प्रतिशत र छाला उत्पादन २.४० प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा माछा उत्पादनमा ८.५० प्रतिशतले कमी आएको छ। गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन ३.३२ प्रतिशतले वृद्धि भएको थियो ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन २०८१/८२ (साउन-पुस)**

| जिल्ला | उत्पादन | | | हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटरमा) | मासु (मेट्रिक टन) | अन्डा (हजार गोटा) | दुध | मासु | अन्डा |
| बाजुरा | १०,७८१.०० | १,६३४.०० | ४७७.०० | ५.७६ | ४.१२ | ०.७२ |
| बझाङ | १५,५२२.०० | १,१५५.०० | ७७९.०० | ८.३० | २.९१ | १.१७ |
| दार्चुला | ८,७५८.०० | १,१६८.०० | २८३.०० | ४.६८ | २.९५ | ०.४२ |
| बैतडी | ८,८०५.२५ | १,५४०.७५ | १,९९५.०० | ४.७१ | ३.८९ | २.९९ |
| डडेल्धुरा | ४,२३८.०० | ७८७.१० | २३९.४१ | २.२७ | १.९९ | ०.३६ |
| डोटी | १३,७३१.०० | १,५२१.०० | ३,८७३.३० | ७.३४ | ३.८४ | ५.८१ |
| अछाम | ११,४३७.०० | २,६०६.०० | ३,६६८.५० | ६.११ | ६.५८ | ५.५० |
| कैलाली | ०१,३४९.०० | २४,५१६.०० | ४३,८७१.०० | ५४.१८ | ६१.८७ | ६५.८० |
| कञ्चनपुर | २,४४४.५८ | ४,६९५.३९ | ११,४८२.६४ | ६.६५ | ११.८५ | १७.२२ |
| **जम्मा** | **१८७,०६५.८३** | **३९,६२३.२४** | **६६,६६८.८५** | **१००.००** | **१००.००** | **१००.००** |

*स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपन्क्षी तथा मत्स्य विकास निर्देशनालय ।*

### जिल्लागत स्थिति

समीक्षा अवधिमा दुध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५४.१८ प्रतिशत र डडेल्धुरा जिल्लाको सबैभन्दा कम २.२७ प्रतिशत रहेको छ। मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६१.८७ प्रतिशत र डडेल्धुरा जिल्लाको सबैभन्दा कम १.९९ प्रतिशत रहेको छ। त्यसैगरी, अण्डा उत्पादनमा समेत कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ६५.८० प्रतिशत र डडेल्धुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.३६ प्रतिशत रहेको छ।

### ३.३.२ वनजन्य उत्पादन

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, दाउरा र औषधीजन्य उत्पादन क्रमश: ११.५४ प्रतिशत, ३३.७५ प्रतिशत र १७.७७ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा काठ र औषधीजन्य वस्तु क्रमश: ७.५६ प्रतिशत र १२.४२ प्रतिशतले वृद्धि भएको थियो भने दाउरा र अन्य उत्पादन क्रमश: १४.८८ प्रतिशत र ३.३३ प्रतिशतले ह्रास आएको
थियो।

### जिल्लागत स्थिति

समीक्षा अवधिमा बाजुरा जिल्लामा काठ उत्पादन भएको छैन भने कैलाली जिल्लामा सबैभन्दा बढी काठ उत्पादन भएको छ। समीक्षा अवधिमा हिमाली तथा उच्च पहाडी जिल्लाहरुमा दाउरा उत्पादन नरहेको र यस्तो उत्पादन सबैभन्दा धेरै कञ्चनपुर जिल्लामा रहेको छ। औषधीजन्य वस्तुको उत्पादनमा भने बझाङ, डोटी र दार्चुला जिल्लाको वाहुल्यता देखिन्छ।


**तालिका ३.४ : प्रमुख वनजन्य उत्पादन २०८१/८२ (साउन-पुस)**

| जिल्ला | उत्पादन | | |
|---|---|---|---|
| | काठ (क्युविक फिट) | दाउरा (चट्टा) | औषधिजन्य वस्तु (मे.टन) |
| बाजुरा | - | - | ८९.०७ |
| बझाङ | २७०.०० | - | ३५७.०० |
| दार्चुला | १,९४५.४० | - | ११७.१५ |
| बैतडी | ६,६९४.०० | - | ५५.०० |
| डडेल्धुरा | ३७,०८६.९४ | ३३.७३ | - |
| डोटी | ५४,८५१.७१ | ८.०० | २३१.०३ |
| अछाम | २७,५०२.१० | - | ९६.१६ |
| कैलाली | ८५,९२६.४९ | ११५.३२ | ३३.०० |
| कञ्चनपुर | २६,००४.९८ | ३९६.२१ | - |
| **जम्मा** | **२४०,२८१.६२** | **५५३.२६** | **९७८.४१** |

## ३.४ सिँचाइ

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल २.४९ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ४.५६ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३८.०२ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। कुल सिँचित क्षेत्रफलमध्ये २६.१४ प्रतिशत कुलो र ७१.० प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट २.३५ प्रतिशत, बोरिङ्ग सिँचाई प्रणालीबाट ०.५१ प्रतिशत सिँचाइ भएको देखिन्छ।

**चार्ट ३.३ : सिँचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**





*स्रोत: जिल्लास्थित जलश्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८१ असार मसान्तको तुलनामा ०.९७ प्रतिशतले ह्रास भई रु. १६ अर्ब ३६ करोड ८३ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.०४ प्रतिशतले ह्रास भएको थियो। समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा १८.३४ प्रतिशत प्रवाह भएको छ भने सूर्ति शीर्षकमा कर्जा प्रवाह भएको छैन् ।

**चार्ट ३.४ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था (रु. दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.६८ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ६७.०१ प्रतिशत र कञ्चनपुरको २०.४३ प्रतिशत रहेको छ । कृषि कर्जाको अंश बाजुरा जिल्लामा सबैभन्दा कम १.१० प्रतिशत तथा अछाम जिल्लामा १.३० प्रतिशत रहेको छ ।

## ३.६ कृषि क्षेत्रका चुनौती र सम्भावनाहरु

### चुनौतीहरुः

१. प्रदेशमा रहेको खेतीयोग्य जमिनको खण्डिकरणलाई निरुत्साहित गरी कृषियोग्य जमिनको चक्लाबन्दी एवम् करार खेती र सामुहिक खेतीमार्फत कृषि उत्पादन तथा उत्पादकत्व बढाउनु ।
२. युवा एवम् सक्रिय श्रमशक्ति, विदेशबाट फर्किएका व्यक्तिहरुलाई कृषि तथा पशुपालन व्यवसायतर्फ आकर्षित गराई प्रदेशको विशेषतः पहाडी भेगमा बढ्दै गएको बाँझो जमिनलाई प्रयोगमा ल्याउनु ।
३. कृषि क्षेत्र तथा पशुपालनमा बीमा कम्पनीहरुको आकर्षण कम रहेको सन्दर्भमा बीमामा कृषकहरुको पहुँच बढाई बीमा दाबी प्रक्रियालाई सहज बनाउनु ।
४. गुणस्तरीय बीउवीजन र मलखाद, सिँचाइ लगायत सेवाहरु दिगो र सर्वसुलभ रुपमा उपलब्ध गराउनु र कृषि उपजको वितरणमा विचौलियाको प्रभुत्व हटाउनु ।
५. कृषि क्षेत्रको योगदानलाई अभिवृद्धि गर्न यस क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण र विविधिकरणमार्फत कृषि-व्यवसाय सम्बन्ध स्थापित गर्नु चुनौतीपूर्ण रहेको ।
६. कृषि क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक ज्ञान तथा तालिम प्रदान गर्ने तथा युवाहरुमा कृषि उद्यमशिलता विकास गरी यस क्षेत्रप्रति आकर्षण बढाउनु ।
७. भारतबाट कृषि उपजहरुको अवैध आयात निरुत्साहित गरी स्थानीय कृषकहरूले सस्तोमा आफ्नो कृषि उत्पादन बेच्नु पर्ने समस्याको निराकरण गर्नु ।

### सम्भावनाहरुः

१. प्रदेशको कृषि विकास रणनीति (२०७९/८०-२०९३/९४) को प्रभावकारी कार्यान्वयबाट कृषि क्षेत्रमा यान्त्रिकीकरण र आधुनिकीकरण, भूमिको बैज्ञानिक उपयोग, विशिष्टिकृत कृषि प्रणालीको विकास हुने सम्भावना रहेको छ ।
२. यस प्रदेशका पहाडी तथा हिमाली जिल्लाहरुमा स्याउ, सुन्तला खेती तथा कैलाली र कञ्चनपुरमा आँप तथा केरा खेतीको उच्च सम्भावना रहेको छ । साथै, उच्च पहाडी तथा हिमाली जिल्लाहरुमा जडीबुटीहरुबाट राम्रो आम्दानी गर्न सकिने सम्भावना रहेको छ ।
३. प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा कृषियोग्य जमिनको चक्लाबन्दी गरी धान, गहुँ र तेलहनको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको छ । साथै, डडेल्धुरा, बैतडी लगायतका पहाडी जिल्लाहरुमा मकै, तरकारी, अदुवा खेतीको सम्भावना रहेको छ ।
४. डडेल्धुरा जिल्लामा २०८१ चैत्र देखि भटमास प्रशोधन उद्योग सञ्चालनमा आएकोले सुदूरपश्चिमका पहाडी जिल्लाहरुमा भटमास खेती विस्तार गरी किसानहरुको आयस्तर बढाउन सकिने देखिन्छ ।
५. मौरीको लागि सुहाउँदो हावापानी, कृषकहरुको आधुनिक मौरीपालनमा आकर्षण तथा महको बढ्दो मागको कारण उत्पादन बढ्ने सम्भावना रहेको छ ।
६. सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले कृषि क्षेत्रको विकासका लागि सञ्चालन गरिरहेको विभिन्न कार्यक्रम, कृषि अनुसन्धान र शिक्षा कार्यक्रमले भविष्यमा प्रादेशिक कृषि उत्पादन अभिवृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद ४: उद्योग क्षेत्र


## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, प्रशोधित दूध, गहुँको पिठो, चामल, चिनी, काठ, साबुन, ईट्टा, रोजिन एण्ड टर्पेन्टाईन लगायतका उद्योगहरु दर्ता रहेकोमा १३ वटा उद्योगहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ । प्रशोधित दुधको उद्योग भने हाल सञ्चालनमा नरहेको हुँदा सोको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छैन ।

समीक्षा अवधिमा यस प्रदेशको नमुना छनौटमा समेटिएका १२ उद्योगको औसत क्षमता उपयोग ३५.७९ प्रतिशत छ । समीक्षा अवधिमा तोरीको तेल र कंक्रिट उत्पादन गर्ने उद्योगको तुलनात्मक रुपमा बढी क्षमता उपयोग भएको देखिएको छ । चामल, गहुँको पिठो, चिनी, साबुन र ईट्टाको उत्पादन गर्ने उद्योगको औषत क्षमता उपयोग भएको छ भने रोजिन उत्पादन गर्ने उद्योगको क्षमता उपयोग शुन्य रहेको छ । समीक्षा अवधिमा कच्चा पदार्थको कमी तथा खोटो संकलनमा भएको ढिलाईका कारण रोजिनको उत्पादन शुन्य रहेको छ ।

अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ४ सय ५३ जना रहेको छ । नमुना छनौटमा परेका उद्योगहरुमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ९.०२ प्रतिशत र ९०.९८ प्रतिशत रहेको छ भने २१.९५ प्रतिशत विदेशी नागरिकहरुले समेत रोजगारी पाईरहेका छन् ।

**चार्ट ४.१ : प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग २०८१/८२ (साउन-पुस)**




*स्रोत: अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु ।*


समीक्षा अवधिमा ईट्टाको उत्पादनमा १५० प्रतिशतले वृद्धि भएको छ भने अन्य सबै उद्योगहरुको उत्पादनमा कमी आएको छ । उक्त उद्योगहरुमा तोरीको तेल ८६.३३ प्रतिशत, चामल २१.३७ प्रतिशत, गहुँको पिठो ३९.८० प्रतिशत, चिनी ७.३४ प्रतिशत र साबुनको ६६.८० प्रतिशतले उत्पादन ह्रास भएको छ । समीक्षा अवधिमा व्यापारिक गतिविधिमा आएको सुस्तता, कच्चा पदार्थको कमी, माग बढ्न नसक्नु लगायतका कारणले वस्तु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग घटेर उत्पादनमा ह्रास आएको देखिन्छ ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा १.३२ प्रतिशतले घट्न गई रु.२५ अर्ब २६ करोड ४५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.१८ प्रतिशतले घटेको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १६.४८ प्रतिशत रहेको छ । समीक्षा अवधिसम्ममा कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी

उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी ३८.६५ प्रतिशत रहेको छ भने खानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जाको अंश सबैभन्दा कम ०.५३ प्रतिशत रहेको छ ।

**चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)**




*स्रोतः नेपाल राष्ट्र बैंक ।*

२०८१ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी कर्जा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा ३५.८५ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी कर्जामा ४०.३४ प्रतिशतले ह्रास आएको छ ।

**तालिका ४.१ : जिल्लागत औद्योगिक कर्जा प्रवाह**

| जिल्ला | औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| बाजुरा | १२६.७६ | ०.५० |
| बझाङ | १२७.६५ | ०.५१ |
| दार्चुला | ९३.२४ | ०.३७ |
| बैतडी | १२०.६० | ०.४८ |
| डडेल्धुरा | ३८२.६० | १.५१ |
| डोटी | २४७.६५ | ०.९८ |
| अछाम | १४०.१९ | ०.५५ |
| कैलाली | १९,८९४.३७ | ७८.७४ |
| कञ्चनपुर | ४,१३१.४६ | १६.३५ |
| **जम्मा** | **२५,२६४.५२** | **१००.००** |

*स्रोतः नेपाल राष्ट्र बैंक ।*

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७८.७४ प्रतिशत रहेको छ भने दार्चुला जिल्लाको अंश सबैभन्दा कम ०.३७ प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बझाङ, बाजुरा तथा बैतडीको अंश क्रमशः १६.३५ प्रतिशत, १.५१ प्रतिशत, ०.९८ प्रतिशत, ०.५५ प्रतिशत, ०.५१ प्रतिशत, ०.५० प्रतिशत र ०.४८ प्रतिशत रहेको छ ।

**डडेल्धुरामा भटमास प्रशोधन उद्योग सञ्चालनमा**





कृषि उपजहरुलाई मुल्य श्रृङखलाहरुसँग जोड्ने र कृषि सम्बन्धी विभिन्न विषयहरुमा अध्ययन, अनुसन्धान गर्ने उद्देश्यसहित २०७६ सालमा स्थापित फार वेष्टर्न एग्रो जाइन्ट लिमिटेडले डडेलधुराको अमरगढी-१, मौरडामा २०८१ चैत्रबाट भटमास प्रशोधन उद्योग सञ्चालनमा ल्याएको छ । सुदूरपश्चिम र कर्णाली क्षेत्रमा उत्पादन हुने भटमासलाई प्रशोधन गरी मस्यौरा, तेल र तोफु तथा byproducts को रुपमा पशुदाना र साबुन समेत उत्पादन गर्ने लक्ष्य लिएको उक्त उद्योगमा हाल ६ जना कर्मचारी कार्यरत रहेका छन् । अधिकृत पुँजी ५० करोड रुपैयाँ रहेको उक्त उद्योगमा हाल रु.१० करोड लगानी भइसकेको छ । उक्त उद्योगको प्रशोधन क्षमता प्रतिदिन १० टन रहेको छ भने हाल करिब १५० लिटर तेल र २ क्वीन्टल मस्यौरा दैनिक रुपमा उत्पादन भइरहेको छ । उद्योगले भविष्यमा थप उत्पादन क्षमता बढाउदै जम्मा रोजगारी संख्या ४०० जना पुऱ्याउने लक्ष्य लिएको छ । उद्योगमा कृषि ज्ञान केन्द्र डडेल्धुरा, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना डडेल्धुरा, प्रदेशस्थित भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको आर्थिक तथा प्राविधिक सहयोग रहेको छ । उद्योगलाई कच्चा पदार्थका रुपमा चाहिने भटमास हाल सुदूरपश्चिमकै जिल्लाहरुबाट आपूर्ति भइरहेको छ ।

*स्रोत: स्थलगत अध्ययन तथा अन्तरवार्ता*

## ४.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु:

१. सुदूरपश्चिम प्रदेशमा सञ्चालनमा रहेका अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा उद्योगहरुलाई पूर्णरुपमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरी औद्योगिक उत्पादनमा वृद्धि गर्नु ।

२. सञ्चालनमा रहेका उद्योगहरुबाट उत्पादित वस्तुहरुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी आयात प्रतिस्थापन गर्नु ।

३. कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि चुनौतीको रुपमा रहेको ।

४. स्थानीय रुपमा उपलब्ध स्रोत तथा साधनहरुको उपयोग गरी प्रदेशका दुर्गम क्षेत्रहरुमा लगानी वृद्धि गरी उद्योग तर्फ लगानी आकर्षित गर्नु ।

५. सुदूरपश्चिम प्रदेशको भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, अवैध पैठारी जस्ता गतिविधिहरू नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्नु ।

### सम्भावनाहरुः

१. सुदूरपश्चिम प्रदेशमा कृषि तथा पशुपन्छीजन्य, जडिबुटीजन्य र वन पैदावारजन्य उद्योगको सम्भावना रहेकोले यससँग सम्बन्धित उद्योगहरुको स्थापना गरी agribusiness linkage मार्फत प्रदेशको विकास गर्न सकिने सम्भावना देखिन्छ ।
२. प्रदेशमा स्थानीय उत्पादन र स्रोत साधनमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
३. कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिमा आधारित उद्योगहरु (विशेषतः धान, गहुँ, दलहन तथा नगदेबाली) को स्थापना गर्न सकिने ।
४. युवा उद्यमशीलता विकास तालिममार्फत दक्ष औद्योगिक जनशक्ति उत्पादनका साथै प्रदेशमा रहेका युवाहरुलाई उद्यम व्यवसायतर्फ प्रेरित गर्न सकिने ।

# परिच्छेद ५: सेवा क्षेत्र

यस प्रदेशको आर्थिक वर्ष २०८१/८२ को कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ५२.७५ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा पर्यटन, सार्वजनिक निर्माण तथा रियल स्टेट, वित्तीय सेवा, यातायात, सहकारी लगायत समग्र सेवा क्षेत्रको स्थितिको विश्लेषण गर्नुको साथै ती क्षेत्रहरूमा देखिएका समस्या, चुनौती र सम्भावनाहरू समेटिएका छन् ।

## ५.१ पर्यटन

यस प्रदेशमा सञ्चालनमा रहेका पर्यटकस्तरीय होटलमध्ये १० वटा होटलहरुबाट नियमित रुपमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने गरिएको छ। समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरिएका १० होटलहरुको औसत अकुपेन्सी १९.३९ प्रतिशत रहेको पाइयो । समीक्षा अवधिमा यी नमुना होटलहरुमा भारतीय पर्यटकहरु २,६४२ जना, चिनियाँ पर्यटक १५३ जना तथा तेस्रो मुलुकबाट आएका १,१८३ जना गरी जम्मा ३,६५८ जना बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ । समीक्षा अवधिमा १४२ जना पुरुष तथा ६२ महिला गरी जम्मा २०४ जनाले यस्ता होटलहरुमा रोजगारी पाएको देखिन्छ । समिक्षा अवधिमा यस्ता होटलहरुमा भारतीय तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा क्रमशः १८.१८ प्रतिशत र २०.१८ प्रतिशतले कमी आएकोले औसत अकुपेन्सी कम रहेको देखिन्छ ।

## ५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा अवधिमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ५.३१ प्रतिशतले घटेको छ । गत वर्ष सोही अवधिमा सो संख्या १९.८६ प्रतिशतले बढेको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व २६.५७ प्रतिशतले वृद्धि भई रु. ३९ करोड ७० लाख संकलन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ३.३५ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ४.५४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या १२.९१ प्रतिशतले घटेको थियो । सुदूरपश्चिम प्रदेशमा कैलाली, बाजुरा र बैतडी जिल्लामा घरजग्गा रजिष्ट्रेशन संख्यामा वृद्धि भएको देखिन्छ भने अन्य सबै जिल्लाहरुमा यस्तो संख्यामा ह्रास आएको देखिन्छ । समीक्षा अवधिमा कैलाली जिल्लामा सबैभन्दा बढी ४७८ वटा घर/भवन नक्सा पास भएका छन् भने बैतडी र बाजुरा जिल्लामा घर/भवन नक्सा पास भएको छैन ।

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३२९, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४७१ गरी जम्मा ८५८ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३६६ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २८ शाखा सञ्चालनमा छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३२६, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६२ गरी जम्मा ८४६ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

**तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखा संख्या (२०८१ पुस मसान्त))**


| विवरण | वाणिज्य बैंक | विकास बैंक | वित्त कम्पनी | लघु वित्त विकास बैंक | जम्मा |
|---|---|---|---|---|---|
| बाजुरा | १३ | १ | – | १४ | २८ |
| बझाङ | २१ | १ | – | १९ | ४१ |
| दार्चुला | २१ | २ | – | १२ | ३५ |
| बैतडी | २२ | २ | – | २२ | ४६ |
| डडेल्धुरा | २४ | १ | – | २८ | ५३ |
| डोटी | १९ | १ | – | ३० | ५० |
| अछाम | १८ | ३ | – | ३६ | ५७ |
| कैलाली | १३० | ३० | ५ | २०१ | ३६६ |
| कञ्चनपुर | ६१ | ११ | १ | १०९ | १८२ |
| **जम्मा** | **३२९** | **५२** | **६** | **४७१** | **८५८** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.३.१ निक्षेप तथा कर्जा

२०८१ पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप २०८१ असार मसान्तको तुलनामा ३.१३ प्रतिशतले ह्रास भई रु. १ खर्ब ४४ अर्ब ७८ करोड ७६ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १.९१ प्रतिशतले बढेको थियो । २०८१ पुस मसान्तसम्म कुल निक्षेप अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने रु. ७.९६ अर्बले बढेको छ।

**चार्ट ५.१ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

२०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८१ असार मसान्तको तुलनामा ०.२७ प्रतिशतले वृद्धि भएर रु. १ खर्ब ५३ अर्ब २६ करोड ६२ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.२८ प्रतिशतले घटेको थियो । २०८१ पुस मसान्तसम्म प्रदेशमा प्रवाहित कुल कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने रु. १२.६० अर्बले बढेको छ ।

समीक्षा अवधिसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८.६० प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.२७ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.७७ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् १.०१ प्रतिशत प्रतिशत रहेको छ ।

**तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (२०८१ पुस मसान्तसम्म)**

| जिल्ला | निक्षेप तथा कर्जा (रु.दश लाखमा) | | हिस्सा (प्रतिशत) | |
|---|---|---|---|---|
| | निक्षेप | कर्जा | निक्षेप | कर्जा |
| बाजुरा | ३,२८१.०६ | १,५५२.९४ | २.२७ | १.०१ |
| बझाङ | ४,६३२.३१ | २,२४५.७४ | ३.२० | १.४७ |
| दार्चुला | ६,३६२.२२ | २,१५१.३६ | ४.३९ | १.४० |
| बैतडी | ६,९४२.६० | १,९५०.०९ | ४.८० | १.२७ |
| डडेल्धुरा | ८,०२७.०० | ४,३१७.९२ | ५.५४ | २.८२ |
| डोटी | ६,०००.३५ | २,९७१.१६ | ४.१४ | १.९४ |
| अछाम | ४,६६६.०१ | २,७६५.०० | ३.२२ | १.८० |
| कैलाली | ७०,३६४.९० | १०५,४०७.११ | ४८.६० | ६८.७७ |
| कञ्चनपुर | ३४,५११.१८ | २९,९०४.९१ | २३.८४ | १९.५१ |
| **जम्मा** | १४४,७८७.६२ | १५३,२६६.२३ | १००.०० | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

### ५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८१ पुस मसान्तसम्म कुल निक्षेपकर्ताको संख्या २०८० पुस मसान्तको तुलनामा ३.२६ प्रतिशतले बढ्न गई ३७ लाख ५४ हजार ९ सय ९० पुगेको छ भने कुल ऋणीको संख्या गत पुस मसान्तको तुलनामा २७.५६ प्रतिशतले बढ्न गई १ लाख ४ हजार १ सय ९३ पुगेको देखिन्छ ।

२०८१ पुस मसान्तसम्म विपन्न वर्गको कर्जा २०८० पुस मसान्तको तुलनामा २३.३६ प्रतिशतले घट्न गई रु.८ अर्ब ४९ करोड पुगेको छ । यसैगरी, २०८१ पुस मसान्तसम्म सहुलियतपूर्ण कर्जा २०८० पुस मसान्तको तुलनामा ६५.३१ प्रतिशतले घट्न गई रु.३ अर्ब ६० करोड ९६ लाख पुगेको छ ।

## ५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्ला बाहेक अन्य नोटकोषहरुमा नेपाल राष्ट्र बैंक धनगढी कार्यालयबाट कुल रु.२ अर्ब ९४ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु.३ अर्ब ७५ करोड फण्ड ट्रान्सफर भएको थियो । समिक्षा अवधिमा यस कार्यालयबाट सबैभन्दा धेरै बैतडी जिल्लामा रु.६४ करोड ८४ लाख फण्ड ट्रान्सफर भएको छ । समग्रमा प्रदेशमा समिक्षा अवधिमा भएको फण्ड ट्रान्सफर रकममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा २१.३९ प्रतिशतले कमी आएको छ ।

## ५.५ यातायात

समीक्षा अवधिमा यस प्रदेशमा कुल ११ हजार ३ सय ९८ यातायातका साधन दर्ता भएका छन् जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा १४४.५९ प्रतिशतले बढी रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा जम्मा ९ हजार ९ सय ६८ मोटरसाईकल दर्ता भएका छन् भने अन्य सवारी साधन १ हजार ४ सय ३० दर्ता भएका छन् । पछिल्लो समय डडेल्धुरा र डोटी जिल्लास्थित यातायात व्यवस्था कार्यालयहरुमा समेत यातायातका साधनको दर्ता सुरु भएको, दुई पाङ्ग्रे तथा विद्युतीय सवारी साधनको बढ्दो प्रयोग लगायतका कारणले सवारी साधनको वृद्धिदर उच्च रहेको छ ।

**तालिका ५.३ : समिक्षा अवधिमा थप भएका यातायात साधनको संख्या**

| विवरण | २०८० पुस मसान्त | २०८१ पुस मसान्त | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **यातायातका साधनको संख्या** | **४,६६०** | **११,३९८** | **१४४.५९** |
| मोटरसाईकल | ३,७२० | ९,९६८ | १६७.९६ |
| अन्य | ९४० | १,४३० | ५२.१३ |

*स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।*

सुदूरपश्चिम प्रदेशमा रहेका १० वटा आन्तरिक विमानस्थलमध्ये जम्मा ६ वटा विमानस्थलहरु सञ्चालनमा रहेकोमा टिकापुर, कमलबजार र बाजुरा विमानस्थलमा नेपालगञ्जबाट उडान भइरहेको तथा धनगढीदेखि बझाङ्ग र साँफेबगर उडान तालिका रहेको भएतापनि विविध कारणले उडान तालिका अनुसार उडान हुन सकेको छैन । २०८१ साउन-पुससम्मको अवधिमा धनगढी, बझाङ्ग र साँफेबगर विमानस्थलबाट कुल २,५२२ उडान भएको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १.९४ प्रतिशतले बढी हो । त्यसैगरी, अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा उक्त विमानस्थलहरुबाट उडान भर्ने यात्रुको संख्या ८.५५ प्रतिशतले वृद्धि भएको छ ।

**तालिका ५.४ : हवाई सेवा**

| विवरण | आ.व. २०८०/८१ (पुस मसान्तसम्म) | आ.व. २०८१/८२ (पुस मसान्तसम्म) | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|
| **हवाई जहाजको उडान संख्या** | २,४७४ | २,५२२ | १.९४ |
| आगमन संख्या | १,२३७ | १,२६१ | १.९४ |
| निर्गमन संख्या | १,२३७ | १,२६१ | १.९४ |
| **जम्मा यात्रु संख्या** | **१,३४,३९४** | **१,४५,८८७** | **८.५५** |
| आगमन यात्रु संख्या | ६८,०४४ | ७४,७५९ | ९.८७ |
| निर्गमन यात्रु संख्या | ६६,३५० | ७१,१२८ | ७.२० |

*स्रोत: नागरिक उड्डयन कार्यालय, धनगढी ।*

## ५.६ सेवा क्षेत्र कर्जा

२०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ असार मसान्तको तुलनामा ०.८३ प्रतिशतले बढेर रु.१ खर्ब ११ करोड ६३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ७.४४ प्रतिशतले घटेको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७२.८४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेतासम्बन्धी व्यवसायमा ४३.०४ प्रतिशत, उपभोग्य कर्जामा ३१.९६ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ८.७९ प्रतिशत, शिक्षामा ३.६२ प्रतिशत, रियल स्टेटमा ३.२३ प्रतिशत, पर्यटनमा ३.०९ प्रतिशत, अन्य सेवामा १.८८ प्रतिशत, स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.६३ प्रतिशत, यातायात भण्डारण र संचारमा १.५९ प्रतिशत र वित्त, बीमा तथा अचल सम्पतिमा १.१८ प्रतिशत अंश रहेको छ ।

२०८१ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.७८ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश २०.०९ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, बझाङ, दार्चुला, बैतडी, तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.०५ प्रतिशत, २.१९ प्रतिशत, २.१६ प्रतिशत, १.६२ प्रतिशत, १.५८ प्रतिशत, १.४१ प्रतिशत र १.१२ प्रतिशत रहेको छ ।

**तालिका ५.५ : सेवाक्षेत्र कर्जा प्रवाहको अवस्था (२०८१ पुस मसान्तसम्म)**

| जिल्ला | सेवा क्षेत्र कर्जा (रु. अर्बमा) | सेवा क्षेत्र कर्जा (प्रतिशतमा) |
|---|---|---|
| बाजुरा | १.२५ | १.१२ |
| बझाङ्ग | १.८१ | १.६२ |
| दार्चुला | १.७६ | १.५८ |
| बैतडी | १.५८ | १.४१ |
| डडेल्धुरा | ३.४० | ३.०५ |
| डोटी | २.४५ | २.१९ |
| अछाम | २.४१ | २.१६ |
| कैलाली | ७४.५४ | ६६.७८ |
| कञ्चनपुर | २२.४३ | २०.०९ |
| **जम्मा** | १११.६३ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

## ५.७ सहकारी

यस प्रदेशमा रहेका सहकारीहरुमध्ये नमुनाको रुपमा छनौट गरिएका १० वटा सहकारीहरुको विस्तृत रुपमा अध्ययन गर्दा देहायबमोजिमको अवस्था रहेको पाईयो ।

**तालिका ५.६ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति**

| विवरण | आ.व.२०७९/८० (साउन-पुस) | आ.व.२०८०/८१ (साउन-पुस) | आ.व.२०८१/८२ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा वर्षको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुल पुँजी (रु. दश लाखमा) | ६७५.८८ | ७०८.०३ | १०११.९४ | ४.७६ | ४२.९२ |
| कुल बचत (रु. दश लाखमा) | ४,७२१.२३ | ५,२४२.०८ | ५,७५७.४९ | ११.०३ | ९.८३ |
| कुल ऋण (रु. दश लाखमा) | ४,४४७.२० | ४,६८२.२९ | ४,८५८.३६ | ३.४६ | ५.५९ |
| सदस्य संख्या | ४५,५०६ | ४८,७५४ | ५२३५३ | ७.१४ | ७.३६ |
| कर्मचारी संख्या | १७० | १७८ | १८५ | ४.७१ | ३.९३ |

*स्रोत : जिल्लास्थित नमुना छनोट गरिएका सहकारीहरु ।*

समीक्षा अवधिमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले संकलन गरेको कुल पुँजी गत वर्षको सोही अवधिको तुलनामा ४२.९२ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १ करोड १९ लाख पुगेको छ। गत वर्षको समीक्षा अवधिमा यस्तो पुँजी ४.७६ प्रतिशतले वृद्धि भई रु.७० करोड ८० लाख पुगेको थियो । यसैगरी, कुल बचत गत वर्षको समीक्षा अवधिको तुलनामा ९.८३ प्रतिशतले बढ्न गई रु.५ अर्ब ७५ करोड ७५ लाख पुगेको छ । गत वर्षको समीक्षा अवधिमा यस्तो बचत ११.०३ प्रतिशतले बढ्न गई रु.५ अर्ब २४ करोड २१ लाख पुगेको थियो । यसैगरी समीक्षा अवधिमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको समीक्षा अवधिको तुलनामा ५.५९ प्रतिशतले वृद्धि भई रु.४ अर्ब ८५ करोड ८४ लाख पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो ऋण ३.४६ प्रतिशतले वृद्धि भई ४ अर्ब ६० करोड १२ लाख पुगेको थियो ।

समीक्षा अवधिमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ७.३६ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या ३.९३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ को पुस मसान्तमा सदस्य संख्या ७.१४ प्रतिशतले वृद्धि भएको थियो भने कर्मचारी संख्या ४.७१ प्रतिशतले घटेको थियो ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

### चुनौतीहरु:

१. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाहय पर्यटकको लागि आकर्षक गन्तव्य स्थलहरुको पहिचान तथा विकास गर्नु ।

२. पर्यटकस्तरीय होटल तथा होमस्टे व्यवसायको प्रवर्द्धन तथा विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि तथा खर्चमा अभिवृद्धि गर्नु ।

३. आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण यस प्रदेशमा भ्रमण गर्ने पर्यटकहरुको तथ्याङ्क व्यवस्थापन नहुँदा पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता नहुनु ।

४. विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै प्रदेशमै गुणस्तरीय शिक्षा प्रदान गरी उच्च शिक्षाको लागत घटाउने कार्य चुनौतीपूर्ण रहेको ।

५. सीप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।

६. ग्रामीण क्षेत्रमा बैंक तथा वित्तीय क्षेत्रको पहुँच विस्तार गर्नका लागि आवश्यक भौतिक पुर्वाधारहरुको विकास गरी सहज रुपमा बैंकिङ्ग सेवा प्रदान गर्ने वातावरण निर्माण गर्नु ।

### सम्भावनाहरु:

१. जनसंख्याको अनुपातमा कर्जा लगानी थोरै मात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।

२. सुदूरपश्चिमका सातदेवीहरू डिलासैनी, निङ्लासैनी, मेलौली, शैलेश्वरी, बडिमालिका, उग्रतारा र त्रिपुरासुन्दरी लगायतका धार्मिक क्षेत्रहरुलाई धार्मिक पर्यटन हबको रूपमा प्रवर्द्धन गर्न सकिने ।

३. धनगढी विमानस्थललाई स्तरोन्नती गरी क्षेत्रीय विमानस्थल तथा अन्य जिल्लाहरुमा रहेका विमानस्थलहरुलाई नियमित रुपमा सञ्चालनमा ल्याउन सकेको खण्डमा आन्तरिक तथा बाहय पर्यटकको संख्यामा वृद्धि भई आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्न सक्ने ।

४. प्रदेश सरकार तथा स्थानीय तहबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाहय पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।


५. कैलालीको गेटा मेडिकल कलेजलाई सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको प्रारुपमा सञ्चालन गर्ने सरकारको निर्णयसँगै गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।

६. सबै स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको पहुँच विस्तारले बचत तथा कर्जा प्रवाहमा वृद्धि भई थप रोजगारी तथा आयआर्जनका क्रियाकलापमा बढोत्तरी हुने सम्भावना रहेको ।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

### (क) रानीजमरा कुलरिया सिँचाई आयोजना



सुदूरपश्चिम प्रदेशस्थित राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कुल लागत २७.७० अर्ब अनुमान गरी आर्थिक वर्ष २०६७/६८ बाट निर्माण कार्य सुरु भएको हो। २०८०/८१ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको यस सिँचाइ आयोजनाको २०८१ पुष मसान्तसम्मको भौतिक प्रगति ७६.१५ प्रतिशत र वित्तीय प्रगति ७४.४० प्रतिशत रहेको छ।

आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिब १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध हुनेछ भने यसबाट करिब २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने छन् । यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ लम्की बिस्तार सिँचाई शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा र दिर्घकालमा काद्रा नदीसम्मको थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार गर्ने लक्ष्य लिइएको छ। समग्र सिञ्चित क्षेत्र ३८ हजार ३ सय हेक्टर रहने भएपनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजना अनुसार २० हजार ३ सय हेक्टर क्षेत्रफलको सिँचाई योजना निर्माण आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा २०८१ पुष मसान्तसम्म ११ हजार ७ सय ८९ हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तार भएको छ। नहरमा निर्मित हाइड्रोपावर परियोजनाबाट २०८० माघबाट बिजुली उत्पादन समेत सुरु भएको छ। उक्त आयोजनामा हाल ८१ जना पुरुष तथा १७ जना महिला गरी जम्मा ९८ जनाले रोजगारी पाएका छन्।

### (ख) महाकाली सिँचाई आयोजना



कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाई आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो। यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ।

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाई सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ। वि.सं. २०८६/८७ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब रहेको छ। समीक्षा अवधिसम्म १,२०० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा उपलब्ध भएको छ। हाल तेस्रो चरणको निर्माण कार्यहरु भईरहेको छ र हालसम्म ३० किलोमिटर मूल नहर र १२ कि.मि.शाखा नहर निर्माण कार्य भएको छ। महाकाली सिँचाई आयोजनाको कार्यालयले

उपलब्ध गराएको विवरण बमोजिम २०८१ पुस मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति ३५ प्रतिशत र वित्तीय प्रगति पनि ३५ प्रतिशत रहेको छ । आयोजनाद्वारा नहर तथा नहर संरचना निर्माणका लागि खरिद सम्झौता भएका ठेक्काहरुमा रोजगारीका अवसरहरु सिर्जना भएका छन् ।

### (ग) महाकाली पुल आयोजना



महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत रु.३७७ करोड रहेको छ । त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्की RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदि नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ । यस आयोजनाको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८१ कात्तिक २२ भित्र सम्पन्न गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । २०८१ पुस मसान्तसम्म पुल योजनाको समग्र कार्यमा ९५ प्रतिशत प्रगति भएको छ जसमा वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ । यस परियोजनाको सहायक परियोजनाहरुमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा पुल निर्माण कार्य र स्थानीय सडक पुल निर्माण कार्य रहेका छन् ।  उक्त आयोजनामा हाल १५ जना पुरुष तथा ३ जना महिला गरी जम्मा १८ जनाले रोजगारी पाएका छन् ।

## ६.२ ऊर्जामा पहुँच

नेपाल सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार राष्ट्रियस्तरमा २०८१ फागुनसम्म ९९ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको छ भने सुदूरपश्चिम प्रदेशमा राष्ट्रिय औसतभन्दा न्यून ८६.६० प्रतिशत जनसंख्यामा मात्र विद्युतको पहुँच पुगेको छ । २०८१ फागुनसम्म कुल राष्ट्रिय विद्युत उत्पादनमा यस प्रदेशको योगदान ४.७६ प्रतिशत (१६७ मेगावाट) मात्र रहेको छ ।

## ६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सबै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेको छ । यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

**तालिका ६.१: प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण**

| क्र.सं. | जिल्ला | आयोजनाको नाम | २०८१ असार मसान्तसम्मको प्रगती |
|---|---|---|---|
| १. | बाजुरा | खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक) | जम्मा ६० कि.मि. सडकमध्ये हाल यो सडक खण्ड अन्तर्गत २० कि.मि. कालोपत्रे र ३० कि.मि. upgrading को निर्माण कार्य भइरहेको । |
| २. | बैतडी | सतबाज-श्रीभावर-हाट-दार्चुला सडक | जम्मा ९० कि.मि. सडकमध्ये ४५ कि.मि. को DPR तयार भई ७३ कि.मि कच्ची सडक निर्माण भएको । |
| ३. | अछाम | चिसापानी-ऋषिदह-वडिमालिका सडक | जम्मा २०३ कि.मि मध्ये २३ कि.मि. कच्ची सडक निर्माण सम्पन्न भएको । |
| ४. | डडेल्धुरा | दैजी-पोखरा-ढुङ्गाड-बभ्काङ सडक | पोखरा (बेलापुर सडक खण्ड १८ कि.मि. गाईबादे लिप्ना सडक खण्ड १२ कि.मि. सलोन चिर्किट्टे सडक खण्ड ४५ कि.मि. गरी जम्मा ७५ कि.मि. सडक निर्माणाधीन र जोगबुढा लिप्ना सडक खण्ड ५ कि.मि. निर्माण सम्पन्न भएको । |
| ५. | दार्चुला | खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक | जम्मा ९३ कि.मि. सडक मध्ये ३२ कि.मि. निर्माणको ठेक्का सम्झौता भई हाल ६ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको । |
| ६. | बभ्काङ | दिपायल-साईपाल सडक | विस्तृत ईन्जिनीयरिङ्ग अध्ययन भएको २८.५ कि.मि. मध्ये १४ कि.मि. सडकको खरिद प्रक्रिया पुरा भई निर्माण कार्य भईरहेको । |
| ७. | डोटी | सहजपुर-बोक्टान-दिपायल सडक | जम्मा १८० कि.मि मध्ये ७८ कि.मि सडकको DPR तयार भई कच्ची सडक निर्माण सम्पन्न भएको । |
| ८. | कञ्चनपुर | बेलौरी-कलुवापुर-नाइल-बुडर | ४६.९३५ कि.मि. मध्ये १२ कि.मि. कच्ची सडक र २१.०३५ कि.मि. कालोपत्रे सम्पन्न भएको । |
| ९. | कैलाली | भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक | जम्मा ६० कि.मि. सडकमध्ये ३४.८ कि.मि.को DPR तयार भई ७ कि.मि कच्ची सडक र २२ कि.मि. कालोपत्रे सडक निर्माण भएको । |


*स्रोत: भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

सुदूरपश्चिम प्रदेशको समग्र विकास जस्तैः आर्थिक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य, पयर्टन प्रर्वद्धन, सामाजिक एकता र समृद्धि, कृषि र ग्रामीण विकास र रोजगारी सिर्जना आदिका लागि प्रदेश गौरवका आयोजनाहरु अत्यन्तै महत्वपूर्ण रहेका छन् । यी आयोजनाहरुले गति लिन सकेमा यस क्षेत्रको आर्थिक, सामाजिक, र सांस्कृतिक प्रगतिमा ठुलो योगदान हासिल गर्न सकिने सम्भावना रहेको छ ।

## ६.४ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को फागुनसम्म देशभरिमा ७४३ स्थानीय तहहरुमा कुल ६ लाख ९७ हजार ७ सय २५ जना बेरोजगार सूचीकृत भएका छन् भने सुदूरपश्चिम प्रदेशबाट सबै ८८ स्थानीय तहहरुमा कुल १ लाख ३९ हजार ९ सय ३६ जना सूचीकृत भएका छन् । कुल सुचीकृतमध्ये सुदूरपश्चिम प्रदेशमा सबैभन्दा धेरै २०.०६ प्रतिशत बेरोजगार सूचीकृत भएका छन् ।

**चार्ट ६.१ : आ.व. २०८१/८२ का लागि सूचीकृत बेरोजगारको प्रदेशगत विवरण**




*स्रोत: आर्थिक सर्वेक्षण २०८१/८२*

## ६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु:

१. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख व्यवस्थापनलाई आधुनिकीकरण गर्दै समानुपातिक तथा समावेशी रुपमा विकास निर्माणका कार्य अगाडी बढाउनु ।

२. प्रदेश गौरवका आयोजनाहरु, रणनीतिक महत्वका पूर्वाधार आयोजना र राष्ट्रिय गौरवका आयोजनाहरु गुणस्तरीय रुपमा समयमा नै सम्पन्न गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

३. भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि हुनु ।

४. सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला तह तथा निकायहरुबीच आपसी समन्वयको विकास गरी निर्माण कार्य व्यवस्थित गर्नु ।

५. यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी दक्ष जनशक्ति तथा कामदारहरुको विदेशिने प्रवृति न्यूनीकरण गर्नु ।

६. यस प्रदेशका अधिकांश उद्योगहरु भारतीय दक्ष कामदार तथा आयातीत कच्चा पदार्थमा निर्भर रहेकोले स्वदेशी कामदारको दक्षता अभिवृद्धि गरी स्थानीय कच्चा पदार्थको प्रवर्द्धन तथा सुपथ मुल्यमा कच्चा पदार्थ आयात गर्न सकिने व्यवस्था गरी भारतीय कामदारलाई विस्थापित गर्नु ।

### सम्भावनाहरु:

१. राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।

२. निर्माण क्षेत्रमा दक्ष जनशक्तिको रूपमा काम गर्ने ईलेक्ट्रिसियन, प्लम्बर, पेन्टर, कारपेन्टर आदि लगायत अन्य श्रमिक मजदुरहरू अधिकांश भारतीय छन् । यी क्षेत्रमा नेपाली श्रमिक मजदुरहरू अदक्ष कामदारको रूपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरू प्रशस्त रहेकोले बजारको मागको आधारमा थप दक्ष, सीपयुक्त जनशक्ति तयार गर्न आवश्यक सिप विकास तथा तालिम कार्यक्रम सञ्चालन गर्न सकेमा बजारमा दक्ष जनशक्तिको आपूर्ति गर्न सक्ने सम्भावना रहेको ।

३. वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुले सिकेको सिप तथा प्राप्त पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गराउन आवश्यक सहुलियत तथा प्रोत्साहन प्रदान गर्न सकेमा प्रदेश भित्रै पर्याप्त रोजगारी सिर्जना गरी आर्थिक गतिविधि बढाउने तथा युवाहरुको विदेशिने प्रवृति रोक्न सकिने ।

४. कृषि क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै कृषि पेशालाई सम्मानित, मर्यादित र प्रतिष्ठित बनाई कृषि क्षेत्रमा युवालाई आकर्षित गर्न आवश्यक स्रोत साधनको सहज व्यवस्थापन, तालिम तथा सिप विकास गराई थप रोजगारीका अवसरहरू सिर्जना गर्नुका साथै कृषि उत्पादन बढाई आत्मनिर्भर बनाउन सकिने ।


५. यस प्रदेशभित्र रहेका धार्मिक स्थलहरुलाई पहिचान, विकास तथा प्रर्वद्धन गरी धार्मिक पर्यटनको विकास गर्न सकेमा पर्यटक गाईड, होटल रेस्टुँरा सञ्चालन तथा अन्य व्यापार व्यवसायीको रुपमा रोजगारी सिर्जना गर्न सकिने ।

# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ सुदूरपश्चिम प्रदेश सरकारको वित्त स्थिति

आ.व. २०८१/८२ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३१ अर्ब ६२ करोड ९८ लाख बजेट बिनियोजन गरेकोमा बजेटको अर्ध-वार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार समीक्षा अवधिमा रु.४ अर्ब ६८ करोड ७० लाख खर्च भएको छ जुन कुल विनियोजनको १४.८२ प्रतिशत हो । आ.व. २०८०/८१ को सोही अवधिमा बिनियोजन भएको बजेटको १५.७६ प्रतिशत खर्च भएको थियो ।

**चार्ट ७.१ : कुल विनियोजित बजेट र खर्चको तुलनात्मक अवस्था (रु.अर्बमा)**




आर्थिक वर्ष २०८१/८२ मा चालु खर्चतर्फ बिनियोजन भएको रु.१२ अर्ब ८५ करोड मध्ये समीक्षा अवधिसम्ममा रु.२ अर्ब ८१ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको २१.९० प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च २१.४४ प्रतिशत रहेको थियो। त्यसैगरी, पुंजीगत खर्चतर्फ विनियोजित रु.१८ अर्ब ७६ करोडमध्ये रु.१ अर्ब ८७ करोड खर्च भएको छ जुन विनियोजन भएको पुंजीगत खर्चको ९.९७ प्रतिशत हो । गत वर्षको सोही अवधिमा समेत यस्तो खर्च ११.९९ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०८१/८२ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँड गरी कुल रु.१७ अर्ब ७९ करोड ७७ लाख राजस्व अनुमान गरेकोमा कुल रु.९ अर्ब ९ करोड ७७ लाख राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको ५१.१२ प्रतिशत हो। आ.व. २०८१/८२ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१३ अर्ब ८३ करोड २१ लाख अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा अवधिसम्म कुल रु.६ अर्ब २७ करोड २५ लाख अनुदान प्राप्त गरेको छ। प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानको अंश क्रमशः ६९.५३ प्रतिशत, १४.७१ प्रतिशत, ४.४३ प्रतिशत र ११.३२ प्रतिशत रहेको छ।

**तालिका ७.१ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण**

| शीर्षक | आ.व. २०८०/८१ (साउन-पुस) | | आ.व. २०८१/८२ (साउन-पुस) | | प्रगति (प्रतिशत) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) |
| कुल बजेट विनियोजन (अर्बमा) | २९.२६ | ४.६१ | ३१.६२ | ४.६८ | १५.७६ | १४.८२ |
| चालु खर्च (अर्बमा) | ११.९४ | २.५६ | १२.८५ | २.८१ | २१.४४ | २१.९० |
| पूँजीगत खर्च (अर्बमा) | १७.०२ | २.०४ | १८.७६ | १.८७ | ११.९९ | ९.९७ |
| कुल राजश्व* (अर्बमा) | १४.८४ | ८.७१ | १७.७९ | ९.०९ | ५८.६९ | ५१.१२ |
| अनुदान (अर्बमा) | १४.४२ | ३.५६ | १३.८३ | ६.२७ | २४.६९ | ४५.३५ |

**राजस्व बाँडफाँट, आन्तरिक आय परिचालन र रोयल्टी आम्दानी गरी जम्मा ।*

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।*

## ७.२ स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति

आर्थिक वर्ष २०८१/८२ को अर्ध-वार्षिक अध्ययन प्रतिवेदनमा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये जनसंख्याको हिसावले सबैभन्दा बढी जनसंख्या रहेका ५ वटा स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ। छनौटमा परेका ५ वटा स्थानीय तहहरुमा विनियोजित बजेटको हिस्सा सुदूरपश्चिम प्रदेशमा विनियोजन भएको बजेटको करिब १९.३८ प्रतिशत रहेको छ।

**तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)**

| स्थानीय निकाय | आ.व.२०८०/८१ (साउन-पुस) | | आ.व.२०८१/८२ (साउन-पुस) | | प्रगति (प्रतिशत) (साउन-पुस) | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | बजेट | यथार्थ | २०८०/८१ | २०८१/८२ |
| धनगढी उपमहानगरपालिका | १.९३ | ०.५५ | २.१८ | ०.३९ | २८.४९ | १७.८९ |
| गोदावरी नगरपालिका | १.२३ | ०.३४ | १.२२ | ०.३९ | २७.६४ | ३१.९७ |
| टिकापुर नगरपालिका | ०.८७ | ०.२३ | ०.९९ | ०.२३ | २६.४४ | २३.२३ |
| लम्कीचुहा नगरपालिका | ०.९९ | ०.३० | १.११ | ०.३० | ३०.३१ | २७.०३ |
| भिमदत्त नगरपालिका | १.३४ | ०.४४ | ०.६२ | ०.२३ | ३२.८४ | ३७.०९ |
| **जम्मा** | **६.३६** | **१.८६** | **६.१३** | **१.५४** | **२९.२५** | **२५.१२** |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश।*

छनौटमा परेका स्थानीय तहहरुमा कुल रु.६ अर्ब १३ करोड बजेट विनियोजन भएकोमा समीक्षा अवधिसम्ममा रु.१ अर्ब ५४ करोड खर्च भएको छ। जुन कुल विनियोजित बजेटको २५.१२ प्रतिशत हुन आउँछ। यस्तो बजेट गत आर्थिक वर्षको सोही अवधिसम्म रु.६ अर्ब ३६ करोड विनियोजन भएकोमा रु.१ अर्ब ८६ करोड खर्च भएको थियो। जुन कुल विनियोजित बजेटको २९.२५ प्रतिशत हुन आँउछ।


**तालिका ७.३ : आ.व.२०८१/८२ (साउन-पुस) मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)**

| स्थानीय निकाय | भौतिक पूर्वाधार | कृषि | उद्योग | पर्यटन |
|---|---|---|---|---|
| धनगढी उपमहानगरपालिका | २१.५६ | १७.७२ | ४३.४२ | - |
| गोदावरी नगरपालिका | २०.६८ | ३०.३९ | ४१.६४ | ४.२१ |
| टिकापुर नगरपालिका | ४.६४ | १.६१ | १५.६७ | - |
| लम्कीचुहा नगरपालिका | १०.८२ | १८.२४ | - | - |
| भिमदत्त नगरपालिका | १२.०३ | २३.१५ | ०.४४ | ७.५ |

*स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश।*

समीक्षा अवधिमा छनौटमा परेका स्थानीय तहहरुको बजेट विनियोजन प्राथमिकतामा परेका शीर्षकहरु जस्तै भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन आदिको कार्यान्वयन अवस्था देहायबमोजिम रहेको देखिन्छ।

**चार्ट ७.२ : आ.व. २०८१/८२ मा बजेट विनियोजनको प्राथमिकता (रु. करोडमा)**




*स्रोत: सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।*

छनौटमा परेका स्थानीय तहहरुमध्ये धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका र टिकापुर नगरपालिकाको प्राथमिकता उद्योग क्षेत्र रहेको छ भने लम्कीचुहा नगरपालिका र भिमदत्त नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको देखिन्छ ।

# परिच्छेद ८: आर्थिक परिदृष्य

यस परिच्छेदमा सुदूरपश्चिम प्रदेशमा कृषि, उद्योग तथा सेवा क्षेत्रबाट तथ्याङ्क प्रदायक व्यक्ति तथा संस्थाहरुसँग गरिएको प्रश्नावली, सर्वेक्षण छलफल तथा अन्तरक्रियाका आधारमा आर्थिक वर्ष २०८१/८२ को बाँकी अवधिको लागि कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृश्य प्रस्तुत गरिएको छ।

## ८.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा यान्त्रिकीकरण र आधुनिकीकरण बढेको, वृहत एवं विशेष उत्पादन क्षेत्र कार्यक्रम लागु हुने, सिँचित क्षेत्रफल विस्तार, उन्नत जातको बीउ प्रयोगमा वृद्धि, सन्तुलित मलखादको प्रयोगमा सुधार तथा चैते धानको क्षेत्रफल वृद्धि, बसन्ते मकै उत्पादन अभियान सञ्चालन, वर्णशंकर जातको मकै प्रयोग, तरकारी खेतीमा युवाहरुको आकर्षण, विभिन्न सरकारी तथा गैह्र सरकारी निकायहरुको बढ्दो सहयोग, उन्नत बीउ र प्रविधिहरुको बढ्दो प्रयोग, हिउँदे वर्षा, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता आदि कारणले समग्रमा कृषि उत्पादन अनुमानित ५ देखि ७ प्रतिशतले वृद्धि हुने देखिन्छ। यस प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत बाख्रा ब्लक कार्यक्रमको सञ्चालन, स्थानीय पालिकाहरुबाट उन्नत जातका भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन, बाख्रा बंगुर तथा कुखुराहरु स्थानीय समुहहरुलाई वितरण कार्यक्रम, मोडेल फर्महरुको स्थापना, कृषि ऋणको उपलब्धता, पशुपालन क्षेत्रमा बीमा योजना, व्यवसायिक पशुपक्षी तथा मत्स्य पालनमा आकर्षणले दुध, मासु, अण्डा र माछाको उत्पादन समग्रमा ८ देखि १० प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.२ औद्योगिक क्षेत्र

समीक्षा अवधिमा बैंक व्याजदर घट्दो क्रममा रहेको, बैंक तथा वित्तीय संस्थाहरुबाट सहजरुपमा ऋणको उपलब्धता, औद्योगिक क्षेत्र चलायमान बन्दै गईरहेको, नेपाल सरकारद्वारा औद्योगिक वातावरण निर्माणका लागि आवश्यक नीति तथा विधेयकहरु तर्जुमा लगायतका कारण प्रदेशमा रहेका उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुने देखिएको तथा थप पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ।

## ८.३ सेवा क्षेत्र

अर्थतन्त्रको समष्टिगत मागमा कमी आएको कारण यस प्रदेशमा रहेका होटलहरुको औसत अकुपेन्सी दर र पर्यटक आगमन संख्यामा पछिल्ला महिनाहरुमा ह्रास आएको देखिन्छ। विश्व अर्थतन्त्रमा क्रमिक सुधार आई स्वदेशमा पनि ब्याज दर घटेकाले आर्थिक गतिविधिमा पनि सुधार हुने र स्वदेशी तथा विदेशी पर्यटक आगमनमा पनि विस्तार हुने सम्भावना देखिन्छ। वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या वृद्धि हुँदै गएकोले आगामी दिनमा विप्रेषण आप्रवाह वृद्धि भई आयातमा वृद्धि हुन सक्ने, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा लगानी वृद्धि हुने, डिजिटल प्रविधिको बढ्दो प्रयोग, आन्तरिक तथा बाह्य हवाई सेवामा वृद्धि, यातायात, सञ्चार, तथा सबै स्थानिय तहहरुमा बैंक शाखा विस्तार लगायतका कारणले सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ।

## ८.४ पूर्वाधार क्षेत्र

स्थानीय, प्रदेश तथा संघीय सरकारबाट यस प्रदेशका विभिन्न जिल्लाहरुमा सडक विस्तार तथा स्तरोन्नतिको कार्य भईरहेको, राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनाहरु निर्माण भईरहेको, प्रदेश सरकारका भौतिक पूर्वाधार विकास अन्तर्गतका बजेट र योजनाहरु कार्यान्वयनका क्रममा रहेको, साना तथा ठूला जलविद्युत आयोजना निर्माणको क्रममा रहेकोले स्थानीय स्तरमा रोजगारी सिर्जना भई समग्र आर्थिक क्रियाकलापहरुमा वृद्धि हुने अनुमान गरिएको छ।